त्रि.वि. द्वारा सम्बन्धन प्राप्त

# यासोक क्याम्पस

कुम्मायक–१

यासोक, पाँचथर

## विधान २०६४ (तेस्रो संसोधन २०८०)

AnyScanner

क्याम्पस सञ्चालक समितिको मिति २०८०/०६/२० को बैठकको निर्णयबाट पारित

# यासोक क्याम्पस

विधान २०६४ (तेस्रो संसोधन २०८०)



AnyScanner

# यासोक क्याम्पस विधान २०६४ (तेस्रो संसोधन २०८०)

## प्रस्तावना

यासोक क्याम्पस पाँचथर जिल्लाको कुम्मायक गाउँपालिकामा त्रिभुवन विश्वविद्यालवाट सम्बन्धन प्राप्त मुनाफारहित सामुदायिक क्याम्पासको रुपमा २०६४ सालमा जनस्तरवाट स्थापना भएको क्याम्पस हो । स्थापना कालमा शिक्षाशास्त्र सङ्कायमा स्नातक तहको पठनपाठन हुने गरी सम्बन्धन प्राप्त यस क्याम्पसले क्रमश २०७०।०९।१० मा व्यवस्थापन सङ्काय थप गरी कक्षा सुरु गऱ्यो । त्यसैगरी स्थापना कालमा सिद्धदेवी क्याम्पस नाम रहेको मा २०७०।०१।०२ मा नाम परिवर्तन गरी यासोक क्याम्पस बनाइयो । हाल यस यासोक क्याम्पसमा शिक्षाशास्त्र तथा व्यवस्थापन गरी दुईवटा सङ्काय अन्तर्गत विभिन्न विषयहरुमा पठनपाठन भइरहेको छ । परिवर्तित सन्दर्भ अनुकुल क्याम्पसको साङ्गठनिक संरचना सञ्चालन कार्य प्रणाली आदिलाई सङ्घीय ढाँचा एवम् लोकतान्त्रिक परिवेश अनुकुल परिमार्जन गरी क्याम्पस सञ्चालनलाई पारदर्शी, जवाफदेही र शैक्षिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउन वाञ्छनीय भएकोले सम्बन्धन प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग तथा नेपाल पब्लिक क्याम्पस सङ्घ समेतको निर्देशन र सुझावका आधारमा मौजुदा यासोक क्याम्पसको विधान २०६४ लाई समयानुकुल परिमार्जन र व्यवस्थित गरी क्याम्पसको सुसञ्चालनको लागि यासोक क्याम्पस विधान २०६४ तेस्रो संसोधन २०८० तयार गरी लागु गरिएको छ ।

उपकुलपतिको कार्यालय
योजना निर्देशनालय

## परिच्छेद एक
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

१.१ यो विधानको नाम "यासोक क्याम्पस सञ्चालन विधान २०६४ को तेस्रो संशोधित विधान २०८० रहनेछ ।

१.२ यो विधान त्रिभुवन विश्वविद्यालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा**

विषय र प्रसङ्ग अर्को अर्थ नलागेमा

२.१ "क्याम्पस" भन्नाले यासोक क्याम्पसलाई जनाउनेछ ।

२.२ "ऐन"भन्नाले यस क्याम्पसलाई सम्बन्धन दिने विश्वविद्यालय सम्बन्धी ऐन सम्झनुपर्दछ ।

२.३ 'विधान'भन्नाले यासोक क्याम्पसको विधान २०६४ को तेस्रो संसोधन २०८० लाई सम्झनुपर्नेछ ।

२.४ "विनियम" भन्नाले यस विधान बमोजिम बन्ने विनियमलाई सम्झनुपर्नेछ ।

२.५ "क्याम्पस सभा" भन्नाले यस क्याम्पसलाई सुव्यवस्थित रुपबाट सञ्चालन गर्न यसै विधान बमोजिम गठन हुने क्याम्पस सभा सम्झनुपर्छ ।

२.६ "सञ्चालक समिति" भन्नाले विधान बमोजिम गठित सञ्चालक समितिलाई जनाउदछ ।

२.७ "सल्लाहकार समिति" भन्नाले यसै विधान बमोजिम गठन भएको समितिलाई जनाउँछ ।

२.८."समिति तथा उप-समिति" भन्नाले यस विधानअन्तर्गत रही गठन भएको समिति तथा उपसमितिलाई जनाउँछ ।

२.९. "अध्यक्ष" भन्नाले क्याम्पस सञ्चालक समितिको अध्यक्षलाई जनाउँछ ।

२.१०. "क्याम्पस प्रमुख"भन्नाले त्रि.वि.सम्बन्धन प्राप्त यासोक क्याम्पसको कार्यकारी प्रमुखलाई जनाउँछ ।

२.११. "~~प्राध्यापक~~ शिक्षक" भन्नाले क्याम्पसमा प्राध्यापन गर्ने सबै प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक वा शिक्षण सहायक समेतलाई सम्झनुपर्नेछ ।

२.१२."कर्मचारी" भन्नाले यासोक क्याम्पसमा कार्यरत स्थायी, अस्थायी, करार र आंशिकमा नियुक्ति कर्मचारीलाई बुझिन्छ ।

२.१३."विद्यार्थी" भन्नाले यासोक क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रममा संलग्न विद्यार्थी सम्झनु पर्छ ।

२.१४ क्याम्पस परीषद् भन्नाले विधान बमोजिम गठित परिषदलाई सम्झनु पर्नेछ।

AnyScanner

२.१५."संस्थापक सदस्य" भन्नाले यस क्याम्पसको स्थापनाको निमित पहिलो बैठकदेखि त्रि.वि.बाट सम्बन्धन प्राप्त गर्नुभन्दा अगाडिको बैठकमा उपस्थित भई हस्ताक्षर गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

३. क्याम्पसको नाम र अवस्थिति

३.१ यस क्याम्पसको नाम यासोक क्याम्पस रहेको छ।

३.२ यो यासोक क्याम्पस पांचथर जिल्लाको कुम्मायक-१, स्थित यासोक बजारमा अवस्थित छ।

४. उद्देश्य

४.१ न्युनतम शुल्कमा अति सर्वसुलभ ढङ्गले प्राविधिक व्यवसायिक सीपमूलक तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने।

४.२ समकालीन समाजको अपेक्षित ज्ञान सीप र सकारात्मक प्रवृति भएका अनुशासित, मर्यादित, तालिमप्राप्त, अनुसन्धानमुखी जनशक्ति उत्पादन गर्ने।

४.३ अनुसन्धानात्मक, प्रवर्दनात्मक तथा खोजमूलक शैक्षिक प्रक्रियालाई जोड दिई प्राज्ञिक उन्नयन गर्ने।

४.४ क्याम्पसलाई सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय तथा उच्च शिक्षा शिक्षाको उचित व्यवस्थापन र प्रभावकारी सञ्चलनको लागि गठन हुने आयोगको नीति तथा सिफारिसलाई कार्यान्वयन गर्ने।

५. छाप र हस्ताक्षर

५.१ हाल प्रचलनमा रहेको छाप परिवर्तन गरी अनुसूचि १ बमोजिमको क्याम्पसको छाप हुनेछ।

५.२ क्याम्पसको कागजातको प्रमाणीकरणका लागि हस्ताक्षर गर्ने अधिकार क्याम्पस प्रमुखलाई हुनेछ।

## परिच्छेद-दुई

## क्याम्पस सभाको गठन र सदस्यता

**६. क्याम्पस सभाको गठन र सदस्यता**

६.१. सामुदायिक क्याम्पस स्थापनाको मर्मबमोजिम सञ्चालनमा व्यापक जनसहभागिता जुटाई लोकतान्त्रिक मूल्य मान्यता अनुरुप सबै पक्षको अपनत्व कायम गरी क्याम्पसको संस्थागत उन्नति को माध्यमबाट आन्तरिक तथा बाह्य सुशासन कायम गरी क्याम्पसबाट प्रवाह हुने शैक्षिक सेवालाई समय सापेक्ष, गुणस्तरीय र प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि आवश्यक निर्देशन, नियन्त्रण तथा व्यवस्थापनका लागि क्याम्पसको सर्वोच्च निकायको रुपमा क्याम्पस सभा रहने छ ।

६.२ क्याम्पस सञ्चालन समितिका मौजुदा पदाधिकारी र सदस्य, सञ्चालक समितिका पूर्व अध्यक्षहरु, पूर्व क्याम्पस प्रमुखहरु, सम्बन्धित क्षेत्रका संघ तथा प्रदेश तहका निर्वाचित वहालवाला सांसदहरु, जिसस प्रमुख, स्थानीय तह प्रमुख, जग्गादाता, आजीवन सदस्य, यशस्कर सदस्य, कार्यरत स्थायी, अस्थायी ~~प्राध्यापक~~हरु, अधिकृत स्तरभन्दा माथिका कर्मचारी, स्ववियु सभापति वा विद्यार्थी प्रतिनीधि, पूर्व विद्यार्थी, समाजका अध्यक्ष, क्याम्पसका अक्षयकोष तथा अन्य सहयोग दाता सदस्य रहने गरी क्याम्पसले अनिवार्य रुपमा क्याम्पस सभाको व्यवस्था गर्नेछ ।

६.३ क्याम्पसले क्याम्पस सभाको सदस्य वन्ने प्रयोजनका लागि इच्छुक व्यक्ति तथा अभिभावकलाई रु १२,३११।- अक्षरेपी वाह्र हजार तिन सय एघार लिई क्याम्पसको आजीवन सदस्यता प्रदान गरिने छ । यस अघि सो रकम वरावर दान गरेका चन्दादाता स्वत: आजीवन सदस्य हुनेछन् ।

६.४ क्याम्पसलाई रु १,००,०००।- अक्षरेपी रु एक लाख वा सो भन्दा वढी रकम सहयोग गरेका र गर्ने दातालाई यशस्कर सदस्यता प्रदान गरी क्याम्पस सभामा सम्मानजनक सहभागिता गराइनेछ ।

६.५ यस अघि क्याम्पसलाई कुनै पनि रकम दान स्वरुप प्रदान गरेका दातालाई नपुग रकम थप गरी आजीवन सदस्य तथा यशस्कर सदस्य वन्ने अवसर प्रदान गरिनेछ ।

६.६ आजीवन तथा यशस्कर सदस्यता वापत प्राप्त हुने रकमलाई क्याम्पसको अक्षयकोष व्यवस्थापनमा मात्र प्रयोग गरिनेछ ।

६.७ आजीवन सदस्यता तथा यशस्कर सदस्यता लिई क्याम्पस सभाको सदस्यता वन्न सबै नेपाली नागरिकहरु योग्य हुनेछन् ।

**७. क्याम्पस सभाको काम, कर्तव्य र अधिकारहरु :**

क्याम्पस सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

७.१. क्याम्पसको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गराउने।

७.२ क्याम्पस सञ्चालक समिति गठन गर्ने।

७.३. क्याम्पस सञ्चालक समितिलाई समय समयमा आवश्यक निर्देशन, परसमर्श र सल्लाह दिने।

७.४. क्याम्पस सञ्चालक समितिले आह्वान गरेको वार्षिक सभामा भाग लिने।

७.५. क्याम्पस सञ्चालक समितिको वार्षिक काम कारवाहीको मूल्याङ्कन गर्ने।

७.६. नेपाल सरकारको मान्यता प्राप्त लेखा परीक्षकद्वारा हरेक आ.व. को लेखापरीक्षण गराई अनुमोदन गर्ने।

७.७ क्याम्पसको शैक्षिक, आर्थिक, भौतिक तथा समग्र पक्षको विकासको लागि मार्गदर्शकको भूमिका निर्वाह गर्ने।

**८. क्याम्पस सभाको बैठक**

८.१ क्याम्पस सभाको बैठक प्रत्येक ३ वर्षमा क्याम्पस सञ्चालक समितिले तोकेको स्थान, मिति र समयमा बस्नेछ। तर कम्तीमा एक तिहाई क्याम्पस सभा सदस्यले क्याम्पस सञ्चालक समितिको अध्यक्ष समक्ष क्याम्पस सभाको माग गरी लिखित अनुरोध गरेमा एक महिनाभित्र अध्यक्षले क्याम्पस सभा बोलाउनुपर्नेछ। क्याम्पसमा एक सय जना भन्दा कमको साधारण सभा भएमा हरेक वर्ष क्याम्पस सभा परिषद्को रुपमा बस्नेछ।

**९.क्याम्पस परिषद्**

क्याम्पस सभाले आवश्यकता अनुसार क्याम्पस परिषद्को गठन गर्न सक्नेछ।

**१०. क्याम्पस सभाको बैठक गणपूरक सङ्ख्या**

१०.१ क्याम्पस सभाको गणपूरक संख्या कुल सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ। प्रथम पटक गणपूरक सङ्ख्या उपस्थित नभए दोस्रो पटक कम्तीमा एक तिहाई सदस्य उपस्थिति सङ्ख्याको आवश्यक हुने र दोस्रो पटक पनि एक तिहाई सदस्य उपस्थित हुन नसकेमा तेस्रो पटक उपस्थित हुने सदस्यबाट सभा सञ्चालन हुनलाई बाधा पुग्ने छैन। बैठकको निर्णय सर्वसम्मत वा बहुमतबाट हुनेछ।



AnyScanner

## परिच्छेद-तीन

## सञ्चालक समिति

**११. क्याम्पस सञ्चालक समितिको गठन**

११.१ क्याम्पसको भौतिक, शैक्षिक, प्रशासनिक, आर्थिक तथा सामाजिक कार्यहरुलाई व्यवस्थित गर्न र त्यसको लागि आवश्यक सहयोग जुटाउन बढीमा २५ सदस्य रहेको एक समावेशी सञ्चालक समितिको गठन हुनेछ । क्याम्पस सभाले पदेन सदस्य र पदाधिकारी बाहेकका सञ्चालक समितिका ७ जना सदस्य आफूमध्येबाट चयन गर्नेछ । सञ्चालक समितिको गठन प्रकिया निम्न बमोजिम हुनेछ ।

१. क्याम्पस सभाबाट निर्वाचित अध्यक्ष १ जना

२. क्याम्पस सभाबाट निर्वाचित उपाध्यक्ष १ जना

३. क्याम्पस सभाबाट छानिएका दुई महिला र दुई जनजाति सहित ७ जना सदस्य ।

४. जि.स.स प्रमुख पदेन सदस्य १ जना

५. स्थानीय तहको गाउँपालिका प्रमुख पदेन सदस्य १ जना

६. प्र.जि.अ पदेन सदस्य १ जना

७. सञ्चालक समितिको निवर्तमान अध्यक्ष पदेन सदस्य १ जना

८. उद्योग वाणिज्य संघको अध्यक्ष पदेन सदस्य १ जना

९. सम्बन्धित वडाको वडाध्यक्ष पदेन सदस्य १ जना

१०. प्राध्यापक संघको सभापति पदेन सदस्य १ जना

११. निवर्तमान क्याम्पस प्रमुख पदेन सदस्य १ जना

१२. स्ववियु सभापति पदेन सदस्य १ जना

१३. यस क्याम्पसका सेवा क्षेत्र भित्रका संस्थापक सदस्यहरु ,बुद्धिजीवी राजनैतिक दल, जग्गादाता र आर्थिक सहयोगदाताहरु मध्येबाट ४ जना ।

१४. स्थानीय दलितहरुबाट १ जना ।

१५. क्याम्पसमा अध्यापनरत प्राध्यापकहरुमध्येबाट क्याम्पस सभाबाट चयन भएको प्राध्यापक प्रतिनिधि १ जना ।

१६. क्याम्पस प्रमुख पदेन सदस्य सचिव, १ जना

AnyScanner

१७. यसका अतिरिक्त सञ्चालक समितिले आवश्यक ठानेको व्यक्तिलाई निश्चित कार्यकाल तोकी वा बैठक विशेषका लागि आमन्त्रण गर्न सक्नेछ।

११.२ **सञ्चालक समितिको पदावधि**

सञ्चालक समितिको पदावधि ३ वर्षको हुने छ तर क्याम्पस सञ्चालक समितिका अध्यक्षमा कुनै पनि व्यक्ति विशेष परिस्थिती बाहेक तिन कार्यकाल भन्दा बढी चयन हुन सक्ने छैन।

११.३ **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

११.३.१ सम्बन्धन दिने विश्वविद्यालयको निर्देशन पालना गर्ने

११.३.२ क्याम्पसको व्यवस्थापन तथा सञ्चालनको सम्पूर्ण कर्तव्य र अधिकार वहन गर्ने

११.३.३ क्याम्पस प्रमुखको नियुक्ति गर्ने र सेवा आयोग/पद पूर्ति समितिमार्फत सिफारिस भई आएका प्राध्यापक तथा कर्मचारीहरुको स्तर निर्धारण गर्ने तथा स्थायी तथा अस्थायी नियुक्ति दिने।

११.३.४ क्याम्पसको नियमित निरीक्षण गर्नुको साथै स्तरीय शैक्षिक वातावरण सुनिश्चित गर्ने।

११.३.५ क्याम्पस सभाका निर्णय कार्यान्वयन गर्ने।

११.३.६ क्याम्पस सभामा प्रस्तुत गरिने कार्यक्रम,आय व्यय विवरण, प्रगति विवरण,लेखापरीक्षण प्रस्ताव क्याम्पस सभामा प्रस्तुत गर्ने।

११.३.७ क्याम्पसको सम्पूर्ण कोष,चलअचल सम्पतिको उचित व्यवस्थापन तथा सरक्षण गर्ने। आवश्यक परेमा बढीमा पाँच सदस्यीय आर्थिक समिति गठन गर्ने।

११.३.८ प्राध्यापक तथा कर्मचारीहरुलाई कामको आधारमा पुरस्कृत गर्ने तथा नसिहत दिने।

११.३.९ यस विधानको परिधिभित्र रही क्याम्पस सञ्चालनका निम्ति आवश्यक नीति तथा विनियम निर्माण गरी कार्यान्वयन गर्ने गराउने।

११.३.१० आफूमा निहित अधिकारमध्ये क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्य सञ्चालनका लागि आवश्यक अधिकार उप समिति,पद पूर्ति समिति, सेवा आयोग र क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्ने

११.३.११ प्रत्येक ६ महिनाको आर्थिक प्रतिवेदन क्याम्पस प्रमुखबाट पेस गर्न लगाई संस्थागत सुशासन तथा पारदर्शिता कायम गर्ने।

११.३.१२ वर्षको एक पटक क्याम्पसको सामाजिक परीक्षण गराउने।

AnyScanner

११.३.१३ आन्तरिक लेखापरीक्षण समिति गठन गरी अर्धवार्षिक लेखापरीक्षण गराई क्याम्पस प्रमुख तथा लेखाशाखालाई आवश्यक निर्देशन दिने ।

**११.४ सञ्चालक समितिको बैठक र कार्यविधि**

११.४.१ क्याम्पस सञ्चालक समितिको बैठक कम्तीमा तिन महिनामा एक पटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै समयमा पनि बैठक बस्न सकिनेछ ।

११.४.२ सदस्य सचिवले अध्यक्षको अनुमति लिई कम्तीमा ७ दिनको पूर्व सूचना र बैठकका एजेन्डा समेत दिई बैठक बोलाउने छन् भने विशेष परिस्थितिमा यो अवधि कम हुन सक्नेछ ।

११.४.३ बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछन । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा उपस्थित मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन ।

११.४.४ समितिको बैठकको छलफल भएका बिषय र निर्णय स्पष्ट रुपमा निर्णय पुस्तिकामा उतार गरी सदस्यको हस्ताक्षर गराई राख्नु पर्नेछ ।

११.४.५ कुल सदस्य सङ्ख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ र बैठकको निर्णय सर्वसम्मत वा बहुमतका आधारमा गरिनेछ । मत बराबर भएको अवस्थामा अध्यक्षको मत निर्णायक हुनेछ ।

११.४.६ क्याम्पस सञ्चालक समितिको बैठक नियमित रुपमा नबसेमा वा विशेष अवस्थामा समितिका एक चौथाइ सदस्यहरुले बैठकको माग अध्यक्ष समक्ष लिखित रुपमा पेस गरेमा अध्यक्षले पन्ध्र दिनभित्र बैठक बोलाउनु पर्नेछ । पन्ध्र दिनभित्र पनि अध्यक्षले बैठक नबोलाएमा बैठक बोलाउने जिम्मेवारी सदस्य सचिवको हुनेछ ।

**११.५ सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको योग्यता**

११.५.१ अध्यक्ष पदका लागि एक कार्यकाल सञ्चालक समितिमा रहेर कार्य गरेको हुनुपर्नेछ ।

११.५.२ शिक्षाप्रेमी तथा समाजसेवी भएको हुनुपर्नेछ ।

११.५.३ अनिवार्य रुपमा क्याम्पस सभाको सदस्य भएको हुनुपर्नेछ ।

११.५.४ नेपली नागरिक हुनुपर्नेछ ।

**११.६ अध्यक्षको काम, कर्तव्य तथा अधिकार :**

११.६.१ सञ्चालक समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

११.६.२ बैठकको अध्यक्षता गर्ने । मत बराबर भएको अवस्थामा निर्णायक मत दिने ।



AnyScanner

११.६.३ सञ्चालक समिति र सभाबाट गरिएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

११.६.४ क्याम्पस प्रमुखको लगातार सात दिन भन्दा बढीको काज तथा बिदा स्वीकृत गर्ने ।

११.६.५ यस विधानको अधिनमा रही क्याम्पसको हितको लागि अन्य कार्य गर्ने ।

११.६.६ क्याम्पसको प्रभावकारी व्यवस्थापन र सुसञ्चालनका लागि क्याम्पस प्रमुखलाई आवश्यक निर्देशन दिने ।

**११.७ उपाध्यक्षको काम कर्तव्य र अधिकार :-**

११.७.१ अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

११.७.२ अध्यक्षको काममा सहयोग गर्ने ।

११.७.३ अध्यक्ष तथा सञ्चालक समितिले उपाध्यक्षले गर्ने भनी तोकिएका अन्य कार्य गर्ने ।

**११.८ सदस्य सचिवको काम कर्तव्य र अधिकार**

११.८.१ अध्यक्ष र समितिको निर्देशन अनुसार निर्णय सूची तयार गर्ने ।

११.८.२ वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेस गर्ने ।

११.८.३ बैठकको निर्णय पुस्तिका राख्ने तथा समितिको निर्णय कार्यान्वयन गर्ने ।

**११.९ सदस्यको काम, कर्तव्य र अधिकार :-**

११.९.१ क्याम्पसको हितको निमित्त रचनात्मक धारणा राखी तदनुरुप सल्लाह तथा सुझाव दिने ।

११.९.२ क्याम्पस सभा तथा सञ्चालक समितिका निर्णय कार्यान्वयन गर्ने गराउने ।

११.९.३ अध्यक्ष र सञ्चालक समितिले तोकेको अन्य कार्य गर्ने ।

११.९.४ सञ्चालक समितिको बैठकका विषयहरुमा सक्रिय एवम् रचनात्मक तवरले सहभागी हुने ।

**११.१० पद रिक्तता**

सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरुको पद देहायको अवस्थामा रिक्त हुनेछ ।

१. आफ्नो पदाधिकार रहेको पदबाट लिखित राजीनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा ।

२. क्याम्पसको हित विपरीत कार्य गरेको प्रमाणित भएमा ।



AnyScanner

३. समितिको बैठकमा विना सूचना लगातार ३ पटकसम्म अनुपस्थित भएमा ।

४. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

५. पदावधि पूरा भएमा ।

६. पदाधिकारी वा सदस्यको मृत्यु भएमा ।

७. क्याम्पस सभाका एक तिहाइ सदस्यहरुले हस्ताक्षर गरी सभा समक्ष पेस भएको अविश्वासको प्रस्ताव कम्तीमा दुइ तिहाइ सदस्यको निर्णयले पारित भएमा ।

AnyScanner

## परिच्छेद-चार

## क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक, विभागीय प्रमुख तथा कर्मचारी

**१२. क्याम्पस प्रमुख**

१२.१ शैक्षिक नेतृत्व गर्न सक्ने सेवामा कार्यरत व्यक्ति क्याम्पस प्रमुखमा नियुक्त हुन सक्नेछ ।

१२.२ क्याम्पस प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारी हुनेछ । निजको पदावधि चार वर्षको हुनेछ भने सञ्चालक समितिले निजले प्रदर्शन गरेका कार्यदक्षता र आवश्यकताको आधारमा पदावधि एक कार्यकालका लागि पुनः एक कार्यकाल थप गर्न सक्नेछ ।

१२.३ क्याम्पस प्रमुख पूरा समय काम गर्ने वैधानिक पदाधिकारी हुनेछ ।

१२.४ मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा दोस्रो श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

१२.५ उमेरको हद ६३ वर्ष ननाघेको हुनुपर्नेछ ।

**१३. क्याम्पस प्रमुखको काम,कर्तव्य र अधिकार**

१३.१ क्याम्पसको शैक्षिक, आर्थिक तथा प्रशासनको जिम्मेवारी लिई सञ्चालन गर्ने ।

१३.२ सेवा सर्त, आचारसंहिता विपरीत हुनेगरी कुनै कार्य गर्ने प्राध्यापक तथा कर्मचारीहरुलाई नियमबमोजिम कार्वाहीको प्रक्रिया अघि बढाउने ।

१३.३ नियम अनुसार प्राध्यापक तथा कर्मचारीहरुको विदा स्वीकृत गर्ने, कार्य विभाजन गर्ने, सेवाको अभिलेख राख्ने तथा कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

१३.४ क्याम्पस सञ्चालक समिति समक्ष प्राध्यापक तथा कर्मचारीको दरवन्दी सिफारिस र राय सुझाव पेस गर्ने ।

१३.५ क्याम्पसको वार्षिक वजेट तयार गरी आर्थिक समिति मार्फत सञ्चालक समिति समक्ष पेस गर्ने ।

१३.६ हरेक तिन महिनामा क्याम्पसको आर्थिक विवरण सञ्चालक समितिमा पेस गर्ने ।

१३.७ क्याम्पस-सभा तथा सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

१३.८ क्याम्पसमा नगरी नहुने आकस्मिक अवस्था आइपरेमा अध्यक्ष सँग समन्वय गरी आवश्यक देखिएमा उचित काम कार्वाही गर्ने र सञ्चालक समितिवाट अनुमोदन गराउने ।

१३.९ क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अवस्थामा सहायक क्याम्पस प्रमुखलाई र सो नभएमा अन्य प्राध्यापकलाई निमित्त भई काम गर्न तोक्ने ।

१३.१० कुनै विशेष कारणवश क्याम्पस सभामार्फत सञ्चालक समिति गठन हुन नसकेमा अघिल्लो आवको स्वीकृत वजेटको चालु खर्चको शीर्षक सीमाभित्र रही पच्चिस प्रतिशतसम्म खर्च गरी सञ्चालक समितिवाट अनुमोदन गराउने ।

**१४ सहायक क्याम्पस प्रमुखको व्यवस्था तथा काम, कर्तव्य र अधिकार :-**

१४.१ शैक्षिक नेतृत्व वहन गर्न सक्ने व्यक्तिलाई आवश्यकता अनुसारको सङ्ख्या क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिले सहायक क्याम्पस प्रमुख नियुक्त गर्नेछ ।

AnyScanner

१४.२ सहायक क्याम्पस प्रमुखको पदावधि दुई वर्षको हुनेछ । तर सञ्चालक समितिले निजको पदावधि पुन: थप गर्न सक्नेछ ।

१४.३ क्याम्पस प्रमुखको कार्यसम्पादनमा सहयोग गर्ने ।

१४.४ क्याम्पस प्रमुखले तोकेको अन्य कार्य गर्ने ।

१४.५ यस विधानमा तोकेको अतिरिक्त समितिले निर्धारण गरेको अन्य कार्य गर्ने ।

१४.६ क्याम्पस प्रमुख अनुपस्थित रहेमा निमित्त भई निजले तोकेबमोजिम कार्य गर्ने ।

१४.७ मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

१४.८ उमेरको हद ६३ वर्ष ननाघेको हुनुपर्नेछ ।

**१५ कार्यक्रम संयोजक**

क्याम्पसमा सञ्चालित सङ्काय तहगत वा समयगत कार्यक्रमहरुको व्यवस्थापनको लागि कार्यक्रम प्रमुख नियुक्त गर्न सकिनेछ । अन्य व्यवस्था, शैक्षिक प्रशासन, विनियममा व्यवस्था भएबमोजिम हुनेछ ।

**१६. शिक्षण विभाग र विभागीय प्रमुख**

यस सम्बन्धमा शैक्षिक प्रशासन विनियममा व्यवस्था भएबमोजिम हुनेछ ।

**१७. प्राध्यापक कर्मचारीहरुको नियुक्ति, पदोन्नति तथा सुविधा**

क्याम्पसलाई आवश्यक हुने प्राध्यापक तथा अन्य कर्मचारीहरुको नियुक्ति, पदोन्नति, सेवासर्त तथा सुविधा प्राध्यापक तथा कर्मचारी सेवा विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद-पाँच
## आचारसंहिता

**१८. सञ्चालक समितिको आचारसंहिता**

१८.१ क्याम्पसको हित र विकासलाई सर्वोपरी हुने गरी प्राथमिकता दिनुपर्ने ।

१८.२ संस्थागत कार्यमा व्यक्तिगत हित हुनेगरी कार्य गर्न नहुने ।

१८.३ क्याम्पसको हित विपरीत कार्य गर्न र गोपनीयता भङ्ग गर्न नहुने ।

१८.४ क्याम्पसको विधान र नियमहरुको पालना गर्नुपर्ने ।

**१९. प्राध्यापक तथा कर्मचारीहरुको आचरण सम्बन्धी व्यवस्था**

१९.१ क्याम्पसको विकास र हितलाई सर्वोपरी प्राथमिकता दिनुपर्ने ।

१९.२ क्याम्पसमा आई परेका समस्या समाधान गर्न क्याम्पस प्रमुखलाई सहयोग गर्नुपर्ने ।

१९.३ क्याम्पसमा भएका काम कार्वाही, पत्र आदिका सम्बन्धमा गोपनीयता राख्नुपर्ने ।

१९.४ क्याम्पसभित्र आफ्नो आचरण, नैतिकता शुद्ध राखी पवित्र मनले अभिप्रेरित भई काम गर्ने ।

१९.५ आफूलाई तोकिएको कामको उत्तरदायित्व वहन गर्नु सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरुको कर्तव्य हुनेछ ।

**२०. विद्यार्थीको आचारसंहिता**

२०.१ क्याम्पसका विद्यार्थीहरुको आचारसंहिता शैक्षिक विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

२०.२ आचारसंहिता पालना गराउने काम क्याम्पस प्रमुखको हुनेछ ।

AnyScanner

## परिच्छेद-छ
## प्राध्यापक सङ्घ, कर्मचारी सङ्घ तथा स्वतन्त्र विद्यार्थी युनियन

**२१. प्राध्यापक सङ्घ**

क्याम्पसमा कार्यरत प्राध्यापकहरुको पेसागत हकहितको निम्ति एक प्राध्यापक सङ्घ गठन गर्न सकिनेछ । अन्य व्यवस्था सम्वन्धित प्राध्यापक सङ्घको विधान अनुरुप हुनेछ ।

**२२. कर्मचारी सङ्घ**

क्याम्पसमा कार्यरत कर्मचारीहरुको पेसागत हकहितका निम्ति एक कर्मचारी सङ्घ गठन गर्न सकिनेछ । अन्य व्यवस्था सम्वन्धित कर्मचारी सङ्घको विधान अनुरुप हुनेछ ।

**२३. स्वतन्त्र विद्यार्थी युनियन**

क्याम्पसमा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुको एक स्वतन्त्र विद्यार्थी युनियन गठन गर्न सकिनेछ । स्वतन्त्र विद्यार्थी युनियन गठन सम्वन्धी व्यवस्था सम्वन्धन दिने विश्वविद्यालयको नियमानुसार हुनेछ ।

AnyScanner

## परिच्छेद-सात

## आय स्रोत

**२४. क्याम्पस सञ्चालनका लागि क्याम्पसको तपसील बमोजिमको आयस्रोतहरु रहनेछ ।**

२४.१ विद्यार्थीबाट विभिन्न शीर्षकमा उठाइने शुल्क रकम ।

२४.२ विश्व विद्यालय अनुदान आयोगबाट वार्षिक रुपमा प्राप्त हुने नियमित तथा पुँजिगत अनुदान ।

२४.३ स्थानीय गाउँपालिकाबाट प्राप्त हुने नियमित तथा पुँजिगत अनुदान ।

२४.४ सरकारी एवम् गैह्र सरकारी निकायहरुबाट प्राप्त हुने सहयोग ।

२४.५ जग्गादाताहरुबाट प्राप्त हुने जग्गा, विभिन्न महानुभावहरुबाट प्राप्त आर्थिक सहयोग, चन्दा, दान, दातव्य ।

२४.६ सञ्चालक समितिको निर्णय अनुसार बिभिन्न क्रियाकलापहरु सञ्चालन गरी प्राप्त आय ।

२४.७ क्याम्पसको सम्पति बिक्रि वितरणबाट प्राप्त आय ।

२४.८ संघ, प्रदेश र स्थानीय सरकार, संघ, सस्थाहरुबाट अक्षय कोष सञ्चालन गर्न चाहेमा नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम सञ्चालन गरिनेछ ।

**२५. कोषको व्यवस्थापन**

२५.१ नियम २४ बमोजिम प्राप्त आय स्रोत वा सम्पति क्याम्पसको हुनेछ ।

२५.२ प्राप्त हुने आय स्रोतको रकमबाट क्याम्पस सञ्चालनको लागि छुट्टै कोषको व्यवस्था हुनेछ ।

२५.३ क्याम्पसको नाममा बैंक तथा वित्तीय संस्थाहरुमा बिभिन्न खाता खोली सञ्चालन गरिनेछ ।

२५.४ क्याम्पसको खाता सञ्चालक समितिले तोके बमोजिमका पदाधिकारीहरुबाट हुनेछ ।

**२६. लेखापरीक्षण**

२६.१ नेपाल सरकारको मान्यता प्राप्त लेखापरीक्षकद्धारा हरेक आर्थिक बर्षको लेखापरीक्षण गरिनेछ ।

२६.२ लेखापरीक्षकको नियुक्ति क्याम्पस सञ्चालक समितिले गर्नेछ ।

२६.३ सञ्चालक समितिको अध्यक्षको निर्देशनमा क्याम्पस प्रमुख र वित्त व्यवस्थापकले लेखापरीक्षणको कार्य सम्पन्न गर्नुपर्नेछ ।

AnyScanner

## परिच्छेद- आठ
## विविध

२७. विविध

२७.१ क्याम्पसको विधान र प्रचलित नेपाल कानुनका साथै सम्वन्धन प्रदान गर्ने विश्वविद्यालयको ऐन नियमको प्रतिकूल नहुनेगरी सञ्चालक समितिले शैक्षिक प्रशासन, आर्थिक प्रशासन, प्राध्यापक तथा कर्मचारी सेवा विनियम र अन्य आवश्यकता अनुसारको विनियम बनाई लागु गर्न सक्नेछ ।

२७.२ यस यासोक क्याम्पसको विधान २०६४ बमोजिम भएका विश्वविद्यालयको नियमावली प्रतिकूल नभएका सबै काम कार्वाहीहरु यसै विधान बमोजिम भएको हुने मानिनेछ । क्याम्पस विधानमा उल्लेख नभएका विषयमा कुनै वाधा अड्काउ आई परेमा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

२७.३ क्याम्पस सञ्चालन हुन नसकी विघटन भएको अवस्थामा यस क्याम्पसको स्वामित्वमा रहेको सम्पूर्ण चलअचल सम्पत्ति नेपाल सरकार वा यस क्याम्पसलाई सम्वन्धन प्रदान गर्ने त्रिभुवन विश्वविद्यालयको स्वामित्वमा जानेछ ।

२७.४ यस विधान शशोधन गर्न क्याम्पस प्रशासनले क्याम्पस सभा तत्काल बोलाई सभाको बहुमतबाट संशोधन हुनेछ

२७.५ यो नियम बन्नु अघि क्याम्पसका लागि भएका काम कारवाहीहरु यसै नियम बमोजिम भएको मानिनेछ । प्रचलित कानूनको हकमा सोही बमोजिम हुनेछ ।

२७.६ यो नियमावली लागू हुँदाको वखतवहाल रहेको अनुसुचि २ बमोजिमको सञ्चालक समिति यसै नियमावलीको तेस्रो संसोधन विधान २०८० अनुरुप भएको मानिन्छ ।

उपकुलपतिको कार्यालय
योजना निर्देशनालय,

अनुसुची १

क्याम्पसको छाप

यासोक क्याम्पस
कुम्मायक–१, यासोक
पाँचथर
स्था:–२०६४

AnyScanner

## अनुसुची ३

## मौजुदा सञ्चालक समितिको नामावाली

| क्र.स. | नाम थर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जयबहादुर चेम्जोङ | अध्यक्ष | कुम्मायक-५ | |
| २ | श्री देवेन्द्र कुमार लावती | उपाध्यक्ष | कुम्मायक-१ | |
| ३ | श्री अमरसिं थापा | सदस्य | कुम्मायक-४ | |
| ४ | राजकुमार श्रेष्ठ | सदस्य | कुम्मायक -१ | |
| ५ | श्री देशु चेम्जोङ | सदस्य | कुम्मायक -१ | |
| ६ | श्री इन्द्रकुमारी राई | सदस्य | कुम्मायक -१ | |
| ७ | श्री महेन्द्रबहादुर लावती | सदस्य | कुम्मायक -१ | |
| ८ | श्री सोमबारे लावती | सदस्य | कुम्मायक -१ | |
| ९ | श्री लक्ष्मी त्रिखत्री | सदस्य | कुम्मायक -१ | |
| १० | श्री नरेन्द्रबहादुर सम्बाहाम्फे | सदस्य | कुम्मायक -४ | |
| ११ | श्री नरेन्द्र बहादुर कार्की | सदस्य | कुम्मायक -३ | |
| १२ | श्री तेजेन्द्र चेम्जोङ | सदस्य | कुम्मायक -५ | |
| १३ | श्री तिलबहादुर खवास | सदस्य सचिब | कुम्मायक -४ | |

AnyScanner